**चिचिला गाउँपालिकाद्वारा प्रकाशित**

# स्थानीय राजपत्र

खण्डः २ सङ्ख्याः ३६ मितिः २०७७/०६/०७

**भाग – २**

## विद्यालय रंगरोगन सम्बन्धि कार्यविधि, २०७७

चिचिला गाँउपालिका

# विद्यालय रंगरोगन सम्बन्धि कार्यविधि, २०७७

**प्रस्तावनाः**

राज्यको शिक्षा नीति अनुसार सम्पूर्ण विद्यालयहरुको पहिचान गराउने पहेलो रंगरोगनका लागि यस चिचिला गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरुलाई रंगरोगन गर्नका लागि कानुन निर्माण गर्न वाञ्छनीय भएकाले चिचिला गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ बमोजिम चिचिला गाउँकार्यपालिकाले "चिचिला गाउँपालिकाको विद्यालय रंगरोगन सम्बन्धि कार्यविधि,२०७७" बनाएको छ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधीको नाम "चिचिला गाउँपालिकाको विद्यालय रंगरोगन सम्बन्धि कार्यविधि,२०७७" रहेको छ।

(२) यो कार्यविधि पारित भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा र व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः

(क) "गाउँपालिका" भन्नाले चिचिला गाउँपालिका सम्झनुपर्दछ।

(ख) "गाउँकार्यपालिका" भन्नाले चिचिला गाउँकार्यपालिका सम्झनु पर्दछ।

(ग) "विद्यालय" भन्नाले यस गाउँकार्यपालिका भित्र रहेका सम्पूर्ण विद्यालयलाई सम्झनुपर्दछ।

(घ) "रंगरोगन" भन्नाले भवनहरुलाई स्तरीय पहेलो रंग लगाउनु भन्ने सम्झनु पर्दछ।

चिचिला गाउँपालिका

(ङ) “वि.व्य.स.” भन्नाले चिचिला गा.पा. भित्रका सम्पूर्ण विद्यालयका व्यवस्थापन समितिलाई जनाउछ।

(च) “प्रधानाध्यपक” भन्नाले चिचिला गा.पा. भित्रका सम्बन्धित विद्यालयको प्रधानाध्यापक लाई जनाउछ।

**३. रंगरोगन खर्च व्यवस्थापन तथा निकाशा सम्बन्धमा:-**

क. विद्यालयहरुलाई वि.व्य.स. को निर्णय गराई गुणस्तरीय पहेलो रंग खरिद गरी रंगरोगन गर्न लगाउने छ,

ख. माटोले लिपपोत गरिएको पर्खालमा माटो हटाई सिमेन्ट प्लाष्टर गरी सेतो सिमेन्टको प्रयोग पछि मात्र रंगरोगन गर्न लाउने छ,

**ग.** विद्यालय सुपरीवेक्षकलाई विद्यालयहरुको दफा (क) र (ख) बमोजिम कार्य भए नभएको सुपरीवेक्षण गराई फोटो सहितको प्रतिवेदन पेश भए पछि कार्य सम्पन्नको आधारमा विद्यालयहरुलाई आ.व. २०७७/०७८ को गाउँसभाले विनियोजन गरेको बजेट (प्रति विद्यालय रु. २०,०००।-) अनुसार विद्यालयहरुको खातामा निकाशा गरि दिने छ,

**घ.** विनियोजित रकमबाट रंगरोगन कार्य सम्पन्न गर्न अपुग भएमा विद्यालयले आन्तरिक श्रोतबाट खर्च गर्ने गरी साझेदारी लागतको आधारमा कार्य सम्पन्न गर्नु पर्नेछ,

**४. कार्यविधीको व्याख्या, संशोधन थपघटः** यस कार्यविधिको आवश्यक व्याख्या,संशोधन थपघट गाउँकार्यपालिकाले गर्नेछ।

चिचिला गाउँपालिका